अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) संग सम्बन्धित)

# श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङ**

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०१।२९**

श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. १ खुर्पे, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौ) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| १ | १, २, ३, ४ र ५ | साल | गोलिया | A | ३१ | ५३३.५६ | १२५० | ६६६९५० | १७६९४० |
| | | | | B | ४६ | ५४८.९५ | ९०० | ४९४०५५ | |
| | | | | C | ३९ | २१९.३३ | ६०० | १३१५९८ | |
| | | | | D | १४ | ५९.२४ | ३०० | १७७७२ | |
| | | लट नं. १ को जम्मा | | | १३० | १३६१.०८ | | १३१०३७५.०० | |
| २ | ६, ७, ८, ९ र १० | साल | गोलिया | A | १९ | २८६.१७ | १२५० | ३५७७१३ | १८१८०४ |
| | | | | B | ३४ | ३७५.१२ | ९०० | ३३७६०८ | |
| | | | | C | ११२ | ६४०.९७ | ६०० | ३८४५८२ | |
| | | | | D | २५ | ९६.२३ | ३०० | २८८६९ | |
| | | लट नं. २ को जम्मा | | | १९० | १३९८.४९ | | ११०८७७१.५० | |
| ३ | ११, १२, १३, १४, र २० | साल | गोलिया | A | २१ | ३७०.९१ | १२५० | ४६३६३८ | १८९६३४ |
| | | | | B | ३८ | ४३४.५९ | ९०० | ३९११३१ | |
| | | | | C | ३५ | २३२.८४ | ६०० | १३९७०४ | |
| | | | | D | ३ | ७.८८ | ३०० | २३६४ | |
| | | जम्मा | | | ९७ | १०४६.२२ | | ९९६८३७ | |
| | | असना | गोलिया | A | ७ | ९२.१९ | ४०० | ३६८७६ | |
| | | | | B | १० | ८४.०४ | ३०० | २५२१२ | |
| | | | | C | १२ | ६९.९८ | १०० | ६९९८ | |
| | | जम्मा | | | २९ | २४६.२१ | | ६९०८६ | |
| | | जामुन | गोलिया | A | २ | ३८.३४ | ४०० | १५३३६ | |

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. ९ गंगटे, दाङ**

| वनपैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाड नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| | | | | B | ५ | ७६.५१ | ३०० | २२९५३ | |
| | | | | C | १२ | ५१.४४ | १०० | ५१४४ | |
| | | जम्मा | | | १९ | १६६.२९ | | ४३४३३ | |
| | | लट नं. ३ को जम्मा | | | १४५ | १४५८.७२ | | ११०९३५५.५० | |
| ४ | १५, १६, १७, १८ र २१ | असना | गोलिया | A | ४४ | ७५२.०६ | ४०० | ३००८२४ | १९१११९ |
| | | | | B | ४५ | ४२३.८९ | ३०० | १२७१६७ | |
| | | | | C | ५९ | २९४.८१ | १०० | २९४८१ | |
| | | लट नं. ४ को जम्मा | | | १४८ | १४७०.७६ | | ४५७४७२ | |
| ५ | १६, १९ | कर्मा | गोलिया | B | १ | ७.२९ | ३०० | २१८७ | ४६३६२ |
| | | | | C | ५ | २०.६९ | १०० | २०६९ | |
| | | जम्मा | | | ६ | २७.९८ | | ४२५६ | |
| | | जामुन | गोलिया | A | ५ | ६९.४५ | ४०० | २७७८० | |
| | | | | B | १० | ८९.९५ | ३०० | २६९८५ | |
| | | | | C | ३३ | १६३.१० | १०० | १६३१० | |
| | | जम्मा | | | ४८ | ३२२.५० | | ७१०७५ | |
| | | दबदबे | गोलिया | N | १ | ६.१५ | १०० | ६१५ | |
| | | जम्मा | | | १ | ६.१५ | | ६१५ | |
| | | लट नं. ५ को जम्मा गोलिया | | | ५५ | ३५६.६३ | | ७५९४६ | |
| | | साल | दाउरा | | | | ८.०० | ९६००० | १९२६२५ |
| | | साल मिश्रित | | | | | ०.७५ | ६००० | |
| | | अन्य | | | | | ८.०० | ३२००० | |
| | | दाउरा जम्मा | | | | | १६.७५ | १३४००० | |
| लट नं. १, २, ३, ४ र ५ को गोलिया काठको जम्मा | | | | | ६६८ | ६०४५.६८ | | ० | |
| नोटः काठ, दाउरा संकलन खर्च काठको प्रति घ.फि. रु. १३०।- र दाउराको प्रति चट्टा रु.११,५००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०२।१८ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०२।१९ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लिमिट, तुलसीपुर, दाङ शाखामा रहेको खाता नं.

अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङ**

४१६०१००००३८४२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस कल्लेरी सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. १ खुर्पे, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।१९ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेखुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।




**थन्किएको एम्बुलेन्स** : राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसरमा लामो समयदेखि जीर्ण अवस्थामा थन्किएको एम्बुलेन्स । प्रतिष्ठानसँग सञ्चालन योग्य आफ्नै एम्बुलेन्स नहुँदा बिरामी ओसारपसारका लागि सर्वसाधारणले अन्य संस्थाका एम्बुलेन्स वा निजी सवारी साधन प्रयोग गर्न बाध्य छन् ।

*तस्बिर : कुलदीप न्यौपाने*

# प्रभावकारी बन्दै आवास बिमा कार्यक्रम

**युगबोध समाचारदाता**



बाँके, २८ वैशाख । गत वर्षको भदौमा भएको अविरल वर्षाले नेपालगञ्ज उपमहानगरपालिका-७ निवासी उत्तमसिंह पञ्जावीको घर भत्कियो । वर्षौं दुःख गरेर बनाएको घर क्षतिग्रस्त भएपछि उहाँको परिवारलाई निकै तनाव भएको थियो ।

'त्यो रात सम्झिँदा अझै डर लाग्छ । निरन्तरको पानीले घरको केही भाग भत्कियो । परिवारका सबै सदस्यले भागेर ज्यान जोगायौं'- पञ्जावीले विगत सम्झिँदै भन्नुभयो- 'सबैभन्दा ठूलो चिन्ता साना बालबालिकाको थियो । त्यसमाथि फेरि घर बनाउन आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्ता थियो । धेरै दिनसम्म निद्रा लाग्दैनथ्यो ।' आर्थिक अवस्था कमजोर भएका कारण तत्काल घर मर्मत गर्ने सम्भावना पनि थिएन, तर नेपालगञ्ज उपमहानगरपालिकाले लागु गरेको आवास बिमा कार्यक्रम उहाँका लागि वरदान भयो । राष्ट्रिय बिमा कम्पनीमार्फत गरिएको बिमाअन्तर्गत दुई लाख ३२ हजार नौ सय दाबी भुक्तानी पाएपछि पञ्जावीको घर फेरि ठडिएको छ ।

नगरप्रमुख प्रशान्त विष्टले पहिलो लाभग्राहीका रूपमा चेक हस्तान्तरण गर्दा आफू भावुक बनेको क्षण सम्झिँदै उहाँले भन्नुभयो- 'पहिले घरको बिमा किन गरिरहनुपर्‍यो र भन्ने लागेको थियो, घर भत्किएपछि पो थाहा पाइयो बिमाको महत्व । हाल त्यही बिमाका कारण ओत लाग्ने अवस्था बनेको छ । आवास बिमा कार्यक्रम विपत्को समयमा गरिब तथा न्यून आय भएका परिवारका लागि त ठूलो सहारा हुँदोरहेछ ।' नेपालगञ्ज उपमहानगरपालिकाले विपत् जन्य जोखिम न्यूनीकरणका लागि वडा नं. ३ र ७ मा आवास बिमा कार्यक्रम लागु गरेको छ । जोखिमयुक्त परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत हालसम्म एक सय ८४ परिवार यसमा आबद्ध भएका छन् ।

नगरप्रमुख विष्टले विपत् आएपछि राहत वितरण गर्नुभन्दा विपत् आउनुअघि नै सुरक्षाको आधार तयार गर्ने उद्देश्यसहित आवास बिमा कार्यक्रम लागु गरिएकामा हाल प्रभावकारी बन्दै गएको बताउनुभयो । 'विपत् कहिले आउँछ भन्ने निश्चित हुँदैन, तर त्यसको असर कम गर्न पूर्वतयारी गर्न सकिन्छ । सोही सोचअनुसार शुरु गरिएको बिमा कार्यक्रम प्रभावकारी बन्दै गएको छ'-उहाँले भन्नुभयो । नगरप्रमुख विष्टले दुई वडाबाट शुरु गरिएको कार्यक्रम हाल वडा नं. ८ र ११ मा पनि विस्तार गरिएको र आगामी दिनमा सबै वडाका जोखिमयुक्त परिवारलाई यसमा समेट्ने योजना रहेको जानकारी दिनुभयो । नेपालगञ्जले शुरु गरेको यस्तो कार्यक्रमबाट प्रभावित हुँदै नरैनापुर गाउँपालिका, कोहलपुर नगरपालिका र खजुरा गाउँपालिकाले यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने तयारी गरेका छन् ।

विपत् सम्पर्क व्यक्ति दिपेन्द्र श्रेष्ठले आवास बिमा कार्यक्रमले समुदायमा विपत्बारे सचेतना बढाउनुका साथै क्षतिपछि पुनःस्थापनामा सघाउ पुगेको बताउनुभयो । 'पहिला नागरिकले बिमा भनेपछि झन्झट मान्थे, हाल लाभ पाउन थालेपछि समुदायमा विश्वास बढ्दै गएको छ'- उहाँले भन्नुभयो-'यसबाट प्रभावित हुँदै अन्य स्थानीय तहले पनि कार्यक्रम लागु गर्ने तयारी गरेका छन् । यो राम्रो पक्ष हो ।'

यहाँ बिमाको प्रिमियम रकम उपमहानगरपालिकाले ब्यहोर्ने गरेको छ भने क्षतिको अवस्थाअनुसार बिमितलाई १५ लाखसम्म दिने व्यवस्था गरिएको छ । स्थानीयवासीका अनुसार पछिल्ला वर्षमा अविरल वर्षा, डुबान र हावाहुरीका घटना बढ्दै गएका छन् । यसबाट कमजोर संरचना बनाएर बस्ने परिवार बढी प्रभावित हुने गरेका छन् । यस्तो अवस्थामा आवास बिमा कार्यक्रमले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

यसका लागि यहाँ कार्यान्वयनमा रहेको विपत् पूर्वतयारी तथा व्यवस्थापनमा सुपर कार्यक्रमले प्राविधिक सहकार्य गरिरहेको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा युएनडिपीलगायत विभिन्न संस्थाको साझेदारीमा सञ्चालित उक्त कार्यक्रमले नेपालगञ्ज उपमहानगरपालिकासँग समन्वय गर्दै विपत् जोखिम न्यूनीकरणका गतिविधि सञ्चालन गरिरहेको छ ।

# गुडिया र अचार बनाएर आर्जन गर्दै महिला

तुलसीपुर, २८ वैशाख (रासस)- तुलसीपुर उपमहानगरपालिका-७ निवासी टीकाकुमारी सार्की यसअघि चुलोचौकामा मात्रै सीमित हुनुहुन्थ्यो । घरायसी काम गर्नेबाहेक अरु केही थिएन । तर अहिले उहाँले गुडिया बनाउन सिकेपछि दैनिकी नै फेरिएको छ । 'पहिले घरमै बस्ने हुन्थ्यो, काम पनि केही हुँदैनथ्यो तर अहिले गुडिया बनाउन थालेकी छु'- उहाँले भन्नुभयो ।

त्यस्तै तुलसीपुर-६ की मीना लामिछाने पनि अहिले अचार बनाउन व्यस्त हुनुहुन्छ । घरमा उत्पादन भएको लसुन, खुर्सानी, पाँच, बोडीलगायतका अचार बनाएर बेच्ने गर्नुभएको छ । उहाँहरु यसरी उद्यममा जोडिनुभएको छ । आयआर्जनमा जोडिएपछि घर खर्च चलाउन पनि घरका अन्य सदस्यसँग माग्नुपर्ने अवस्थाको अन्त्य भएको छ । 'पहिले केही खर्च चाहियो भने पनि घरमा माग्नु पर्थ्यो'- लामिछानेले भन्नुभयो- ' अब त हामी आफैं कमाउने भइसकेका छौं ।' उहाँहरु उदाहरण मात्रै हुन्हुन्छ । अहिले तुलसीपुरका महिलाहरू यसरी नै आयआर्जनमा जोडिएका छन् । सेवा प्रतिष्ठान दाङको आयोजना तथा सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुरको आर्थिक सहयोगमा १५ दिने अचार उत्पादन तथा गुडिया निर्माण तालिम सिकेपछि महिलाहरू स्वरोजगारीमार्फत आम्दानीमा जोडिएका हुन् । तुलसीपुर ६, ७ र ९ नं वडाका महिलालाई तालिम दिइएको थियो ।

जसमा २५ जना अचार बनाउने, ४७ जना महिला गुडिया बनाउने तालिम लिएर हाल आयआर्जनमा जोडिएको सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुरका प्रमुख गिरिराज पाण्डेले बताउनुभयो । उहाँका अनुसार महिलाहरूले ११ प्रकारका अचार बनाउन सिकेका छन् भने नौ प्रकारका गुडिया बनाउन सिकेका छन् । खरायो, पाण्डा, गणेश, टायर कुसन, लभकुसन, फ्लावर कुसन, चारकुने कुसन बनाउन सिकेका हुन् । त्यस्तै बोइलर अचार, मिक्स अचार, टिमुर अचार, बोडीको अचार, करेलाको अचार, कागतीको अचार, भाँगो छोप, मिक्स अचार, लसुन र अदुवाको अचार बनाउन सिकेका हुन् ।

## राष्ट्रियता.........

गर्नुपर्छ । किनकि अहिले जसले घर बनाएको छ उसले त्यो जमिन किनेर आफ्नो जीवनभरिको कमाइ लगाएर बनाएको घर भत्काएर सरकारले आफ्नो काम पुरा भएको ठान्नु ठूलो भूल हो । त्यसरी असली भूमाफिया जोगिने सम्भावना हुन्छ । भत्काएका घरहरू र टहराहरू पनि बिक्री भएका हुन्छन् । जसलाई सरकारले मसिनो छानबिन गर्नुपर्ने हुन्छ । हिजो कैयौंले आफ्नो दम्भ देखाएर जमिनहरू कब्जा गर्ने अनि प्लटिङ गर्दै बिक्री गर्दै आएका कैयौं उदाहरणहरू भेटिन्छन् । खोलाका बगरहरू पनि आज मासिएका छन्, त्यसको बारेमा पनि व्यापक छानबिन हुनैपर्छ । हाम्रो भनाइ त यत्ति हो- कुनै पनि गरिब भूमिहीन सुकुम्बासी, असहाय व्यक्ति अन्यायमा नपरोस् । यो देश जस्तै राजाको हो उस्तै एउटा सामान्य नागरिकको पनि हो । मधेसी, पहाडी र हिमाली सबै यो देशका नागरिकहरू यही देशमा जन्मिएका, यही देशमा सुखसँग बाँच्न र मर्न पनि पाउनुपर्छ । देश ऋणमुक्त होस्, देशमा विदेशको हस्तक्षेप नहोस्, देशमा विकास होस् र सबै युवाहरूले आफ्नै देशमा पसिना बगाउन पाउन् । त्यो बेला मात्र यो देशमा शान्ति र सुव्यवस्थाको नागरिकले अनुभूति गर्नेछन् । अहिले सहकारीमा भएको ठगीबाट पीडितहरू छन्, उनीहरूले पनि आफ्नो हक पाउनुपर्‍यो । विगतमा भएका तमाम घटनाहरूको पनि छानबिन हुनुपर्‍यो र दोषीमाथि कारवाही हुनुपर्‍यो । हामी सरकारमा छौं, पावरफुल छौं भन्दैमा आफ्ना गल्ती अहिले त लुकाउन सकिएला, तर भविष्यमा ती गल्तीहरू घामझैं प्रष्ट हुँदै जानेछन् । त्यसका लागि पनि तयार हुनैपर्नेछ । 'सय दिन सुनारको, एक दिन लोहारको' भनेजस्तै सबैमा त्यस्तो दिन आउँछ नै । सरकार सधैं रहिरहँदैन, तर जनताले चाह्यो भने सरकारको आयु लामो अवश्य हुन्छ । हामी सबै एकदिन खरानी पर्ने हौं, तर यो देश नेपाल सदियौंसम्म जीवित रहोस् भन्ने हिसाबले काम गरौं, गराऔं ।

# सिक्टा सिंचाईको डुडुवा शाखा नहर निर्माण द्रुत

**युगबोध समाचारदाता**

राँझा, २८ वैशाख । राष्ट्रिय गौरवको सिक्टा सिंचाई आयोजनाले शाखा नहर निर्माण कार्यलाई प्राथमिकता दिएको छ । आयोजनाको पश्चिमी मूल नहरअन्तर्गत अहिले डुडुवा शाखा नहरको निर्माण कार्य द्रुतगतिमा भइरहेको छ । यो नहरबाट १६ हजार हेक्टर जग्गामा बाह्रैमास सिंचाई सुविधा पुर्‍याउने लक्ष्य रहेको सिक्टा सिंचाई आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इन्जिनियर (सिडिइ) मनोजकुमार साहले बताउनुभयो ।

उहाँका अनुसार २३.४ किलोमिटर लामो सो डुडुवा नहरबाट करिब १६ हजार हेक्टर जमिनमा सिंचाई सुविधा पुग्नेछ । उक्त नहरअन्तर्गत खजुरा र मानपुर दुई मुख्य शाखा रहनेछन् । विगतमा ठेक्का विवादका कारण लामो समयसम्म नहर निर्माणको काम रोकिएको थियो भने पुरानो ठेक्का रद्द गरेर नयाँ कम्पनीमार्फत ठेक्का दिई निर्माणलाई तीव्र पारिएको छ । हालसम्म नहरको निर्माण कार्य २५ प्रतिशत प्रगति भएको छ ।

नेपालगन्ज-सुर्खेत सडकखण्डअन्तर्गत पिप्रहवादेखि राँझासम्म करिब पाँच किलोमिटर क्षेत्रमा टनेलमार्फत डुडुवा नहर निर्माण गरिनेछ भने बाँकी भाग खुला संरचनामा बन्नेछ । रामेछाप शेर्पा कन्स्ट्रक्सन प्रालिले एक अर्ब १२ करोडको लागतमा यो नहर निर्माण तीन वर्षभित्र सम्पन्न गर्ने जिम्मा पाएको छ । नहर सम्पन्न भएपछि डुडुवा, खजुरा, नेपालगन्ज र जानकी क्षेत्रका किसानले वर्षैभरि सिंचाई सुविधा पाउने अपेक्षा गरिएको आयोजनाका सूचना अधिकारी साहले बताउनुभयो ।

सिक्टा सिंचाई आयोजनाको मूल नहरबाट १८ क्युमेक्स (१८ हजार लिटर प्रतिसेकेन्ड) पानी डुडुवा नहरमा खसालेर २३ किलोमिटर लामो डडुवा शाखा नहर र उपशाखा नहर निर्माण गरी सिंचाई सुविधा पुर्‍याउने लक्ष्य छ । यो नहर बनेपछि बाँकेको नेपालगन्ज, जानकी, खजुरा र डडुवा गाउँपालिकाका करिब १६ हजार हेक्टर जग्गामा बाह्रैमास सिंचाई सुविधा विस्तार हुने साहको भनाइ छ ।

सिक्टाको मूल नहरबाट डुडुवा शाखा नहरको मुहानसम्म नियमितरूपमा पानी सञ्चालन भइरहेका कारण अब डुडुवा नहर निर्माण पूरा भए सुक्खा र खडेरीको मारमा परेका किसानलाई राहत मिल्ने सिक्टा सिंचाई आयोजना जल उपभोक्ता संघका अध्यक्ष शालिकराम डाँगीको विश्वास छ ।

# प्रदेश अस्पतालको 'ओपिडी' भवन शिलान्यास

सुर्खेत, २८ वैशाख (युस)- कर्णाली प्रदेश अस्पतालको छुट्टै ओपिडी भवनको शिलान्यास गरिएको छ । सोमबार उक्त भवन निर्माणका लागि मुख्यमन्त्री यामलाल कँडेलले शिलान्यास गर्नुभएको हो ।

प्रदेश अस्पतालका सूचना अधिकारी अनिता ज्ञवालीका अनुसार, भवनको लागत अनुमान शुरुमा २९ करोड ९८ लाख रुपैयाँ थियो । ठेकेदार कम्पनीले १६ करोड ८४ लाख रुपैयाँमा निर्माण सम्पन्न गर्ने जिम्मा पाएको छ । निर्माणको जिम्मेवारी चण्डीदेवी विशाल एण्ड विराट जेभी काठमाडौंले लिएको छ । 'अहिले सञ्चालित ओपिडीको संरचना ५० शैय्याको अस्पतालमा आधारित छ, तर हाम्रो सेवा अहिले ३०० शैय्यामा छ'- सूचना अधिकारी ज्ञवालीले भन्नुभयो- 'त्यसकारण भीड धेरै हुन्छ । थेग्न सक्ने अवस्था छैन ।'

प्रदेश र केन्द्र सरकारको सह-लगानीमा छुट्टै नयाँ ओपिडी भवन निर्माण गर्न लागिएको हो । आगामी १४ महिनाभित्र निर्माण सम्पन्न गर्ने सम्झौता गरिएको छ ।


## उद्योग खारेजीको सूचना !

**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री ललिता वली धनी रहेको दर्ता नम्बर १८५५/०७५/०७६ बाट शारदा न.पा. वडा नं. २ सल्यानमा सञ्चालन हुने गरी दर्ता श्रेष्ताकायम रहेको, श्री ढाकाडाम नास्ता पसलको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरयासी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाणसहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियामावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।**

## घोराही उपमहानगरपालिका कार्यालय दाङको नक्सा पाससम्बन्धी सूचना !

**दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १३ बस्ने चूडामणि घर्तीले मेरो नाममा दर्ता श्रेस्ता भएको साविक सेवार वनगाउँ ४क (हाल घोराही उपमहानगरपालिका वडा नं. १३) कि.नं. ९४३६ र ९४३८ क्षेत्रफल ३१२.०० ब.मि. जग्गामा घर निर्माण गर्नको लागि घरको नक्सापास गरिपाउँ भनी नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी मिति २०८३।०१।२५ गतेका दिन सर्जमिन गर्दा उत्तर तर्फका संधियार पवित्रा बुढा मगर अनुपस्थित हुनुभएको हुँदा नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा लिखित निवेदन दिनुहोला अन्यथा नियमानुसार निजका नाममा घर नक्सापास भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## घोराही उपमहानगरपालिका कार्यालय दाङको नक्सा पाससम्बन्धी सूचना !

**दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. ७ बस्ने शान्ति रोका बुढाले मेरो नाममा दर्ता श्रेस्ता भएको साबिक सेवार वनगाउँ ४क (हाल घोराही उपमहानगरपालिका वडा नं. १३) कि.नं. ९८१७ क्षेत्रफल २००.६० ब.मि. जग्गामा घर निर्माण गर्नको लागि घरको नक्सापास गरिपाउँ भनी नक्सासहित निबेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी मिति २०८३।०१।२८ गतेका दिन सर्जमिन गर्दा पूर्वतर्फका संधियार जिया के.सी., पश्चिमतर्फका संधियार मनबहादुर बुढा मगर, चन्द्रकला के.सी., तिलकुमारी झाक्री र सीता बुढा, दक्षिणतर्फका संधियार गिरा थापा अनुपस्थित हुनुभएको हुँदा नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दाबी बिरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा लिखित निबेदन दिनुहोला अन्यथा नियमानुसार निजका नाममा घर नक्सापास भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## घोराही उपमहानगरपालिका कार्यालय दाङको नक्सा पाससम्बन्धी सूचना !

**दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने रिता गौरले मेरो नाममा दर्ता श्रेस्ता भएको साबिक हरिद्वार २क (हाल घोराही उपमहानगरपालिका वडा नं. १७) कि.नं. १९५५ र १७०३ क्षेत्रफल ८७.४० ब.मि. जग्गामा घर निर्माण गर्नको लागि घरको नक्सापास गरिपाउँ भनी नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी मिति २०८३।०१।२८ गतेका दिन सर्जमिन गर्दा पश्चिमतर्फका संधियार पशुपति जि.एम. घर्ती, दक्षिणतर्फका संधियार चन्द्र बहादुर डाँगी क्षेत्री र मेगराज कालाथोकी अनुपस्थित हुनुभएको हुँदा नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दाबी बिरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस कार्यालयमा लिखित निबेदन दिनुहोला अन्यथा नियमानुसार निजका नाममा घर नक्सापास भई जाने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

## श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङ

## गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८३।०१।२९ गते

**श्री कल्लेरी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. १ गंगटे, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. १ खुर्पे, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल, असना, कर्मा, जामुन, र दवदवे प्रजातिको गोलिया काठ थान ६६८ को ६०४५.६८ घ.फि., साल दाउरा ८.०० चट्टा, साल मिश्रित ०.७५ र अन्य दाउरा ८.०० चट्टा गरी जम्मा १६.७५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।**

**अध्यक्ष**

## श्री अम्रैखुट्टी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. १ कुम्बास, दाङ

## गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८३।०१।२९ गते

**श्री अम्रैखुट्टी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. १ कुम्वास, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. १ कान्छीखुटी, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र जामुन प्रजातिको गोलिया काठ थान ५१९ को २९३५.२३ घ.फि., साल दाउरा १२.५० चट्टा र अन्य दाउरा २.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।**

**अध्यक्ष**

घोराही उपमहानगरपालिका

## १७ नं. वडा कार्यालय

हरिद्वार, दाङ लुम्बिनी प्रदेश, नेपाल

## १५ दिने सार्वजनिक सूचना !

घोराही- १६ निवासी लोकेन्द्र डाँगीको निवेदन अनुसार टार्जन के.सी. को नाममा दर्ता श्रेस्ता भएको साविक हरिद्वार ७ ख कि.नं. २१६४ क्षेत्रफल १५३.३७ ब.मि. रहेको जग्गा र लोकेन्द्र डाँगीको नाममा दर्ता श्रेस्ता रहेको ७ख कि.नं. २१६५ को क्षेत्रफल १५३.५५ ब.मि. रहेको जग्गामा संयुक्तरुपमा अम्विकेश्वरी ड्रिंकिङ वाटर नामक व्यवसाय संचालन गर्ने दर्ता प्रक्रियाका क्रममा उक्त जग्गाको दक्षिणतर्फका संधियार रहेका सुरेन्द्र के.सी. चार किल्ला संधियार मुचुल्कामा उपस्थित हुन नसकेको हुँदा उक्त व्यवसाय दर्ता प्रक्रियाको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।





**मेष** (चू,चे,चो,ला,ली,लू,ले,लो,अ): अवसर, प्रशंसक र धन प्राप्त गर्न सकिने छ ।

**वृष** (ई,ऊ,ए,ओ,वा,वि,वू,वे,वो): कर्म क्षेत्रबाट सफलता र अवसर प्राप्त हुन सक्ने छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,ह): आफ्नो लागि भन्दा समय अरुका लागि व्यतीत हुन सक्ने छ ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डू,डे,डो): अस्वस्थताले लक्ष्यमा वाधा पुर्‍याउन सक्ने छ ।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे): अप्ठ्यारा परिस्थितिलाई सहज बनाउन सकिने छ ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): व्यवसाय र प्रतिस्पर्धामा सफलता रहने छ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते): जवर्जस्तीले कही काम नगर्नुहोस् । चुनौती निम्त्याउन सक्छ ।

**वृश्चिक** (तो,ना,नी,नू,ने,नो,या,यी,यू): घरायसी कार्यहरुको अलमल रहन सक्ने छ ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे): सहास गर्नुहोस्, कार्यमा सफलता र आर्थिक लाभ हुने छ ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खी,खू,खे,खो,गा,गी): द्विविधा बढ्ला, निर्णायक क्षमता कमजोर रहला ।

**कुम्भ** (गू,गे,गो,स,सी,सु,से,सो,द): दिगो रुपमा लाभ हुने कामको जग बसाउन सकिने छ ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची): खर्च अधिक रहला । शुभचिन्तक टाढिएलान् ।